प्रमुख प्रशासकीय अधिकृत

बैठक नं.- १४

मितिः- २०७६।०३।०५गते ।

समयः- १:०० बजे ।

स्थानः- कैलाश गाउँकार्यापालिकाको कार्यालय, मकवानपुर ।

आज मिति २०७६।०३।०५ गते बिहिबारका दिन कैलाश गाउँपालिकाका अध्यक्ष्य श्री टंक बहादुर मोक्तान ज्युको अध्यक्ष्यतामा कैलाश गाउँकार्यपालिकाको कार्यालयमा गाउँकार्यापालिकाको बैठक तपशिलको उपस्थितिमा बसि देहायअनुसारको प्रस्तावहरूमाथि छलफल गरि निम्नानुसारको निर्णय सर्वसम्मतिले पारित गरियो ।

## तपशील

उपस्थितिः

| | |
|---|---|
| श्री टंक बहादुर मुक्तान | :- अध्यक्ष्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री सुकुमाया थिङ्ग | :-उपाध्यक्ष्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री पेमा योन्जन | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री राजेन्द्र घिसिङ्ग | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री देव लाल बल | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री तिलक बहादुर मुक्तान | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री छेकु लामा | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री ठुलो कान्छा लामा | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री उदाश कुमार म्लोन | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री सुर्ज कुमार थिङ्ग | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री सुमन लटौला | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री मणिक लाल मुक्तान | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री लक्ष्मी मुक्तान | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री आशिष प्रजा | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री राममाया प्रजा | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री फुलमाया सिन्तान | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री गोविन्द बि.क. | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री संगिता प्रजा | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री लोकबहादुर कुसारी | :- सदस्य-सचिव, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री मोहन प्रसाद पौडेल | :- व्यवस्थापन सहयोगि, कैलाश गाउँकार्यापालिका,मकवानपुर । |
| श्री प्रकाश राइ | :- माइन्युट सहयोगि, कैलाश गाउँकार्यापालिका,मकवानपुर । |

## बैठकका एजेन्डाहरू:

१. योजना/ आयोजनाहरूको म्याद थप सम्बन्धमा ।

२. आर्थिक सहयोग सम्बन्धमा ।

३. मिति २०७५।११।२७ गतेको गाउँकार्यपालिकाको निर्णय सम्बन्धमा ।

४. आ.ब. ०७६।०७७ को बजेट तर्जुमा सम्बन्धमा ।

५. गाउँकार्यापालिकाको कार्यालय र सम्बन्धित शाखाहरू तथा वडा कार्यालयहरूको प्रगति प्रतिवेदन सम्बन्धमा ।

६. वडा कार्यालयहरूमा भएका जिन्सि मालसामान अभिलेख सम्बन्धमा ।

८.बैठकको कार्यतालिका सम्बन्धमा ।

९. विधुतको टेण्डर आव्हान सम्बन्धमा ।

१०. गाउँपालिकाको सिचाइ योजना तथा भवनको डिपिआर सम्बन्धमा ।

११. बिबिध

## निर्णयहरू :

निर्णय नं. १ :- यस गाउँपालिकाका कतिपय योजना तथा आयोजनाहरूको उपभोक्ता शिक्षाको कमि, बिल भर्पाइहरूको मिति र उपभोक्ता समितिहरूले गरेको कार्यको मिति नमिलेको, कर्मचारी समायोजनको प्रभाव र भौगोलिक तथा प्राविधिक जटिलताका कारण तोकिएको समयमा कार्य सम्पन्न नभएको देखिन आएकाले वडाहरूको सिफारिसद्वारा म्याद थप गरिदिनुहनु भनि अनुरोध भइ आएकोले वडा सिफारिसका आधारमा म्याद थप गर्ने प्रस्ताव अनुमोदन गरियो ।

निर्णय नं. २:- यस गाउँपालिकाको वडा नं. ८ निबासि जित बहादुर मुक्तानको मिति २०७६।०२।३१ गतेका दिन खेतमा लडेर मृत्यु भएको र निज अति गरिव विपन्न परिवार भएकाले निजको लास ढुवानी र प्रहरी मुजुल्का तथा ढुवानीमा लागेको रकम रू ११,११०।-(एघार हजार एक सय दश रूपैया मात्र ।) गाडी ड्राइभर श्री बुद्धिमान बललाइ भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ३:- गाउँकार्यपालिकाको मिति २०७५।११।२७ गतेको बैठकको निर्णयको विषयमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग, हेटौडामा उजुरी परेकाले उक्त बैठकमा कार्यापालिकाका बहुमत सदस्यहरूको उपस्थितिमा बैठकको निर्णय भएको र उक्त जम्मा ३३ वटा निर्णयहरू कानूनसम्मत र बैध भएको ठहर गरि आजको कार्यापालिकाको बैठकले पुनः स्वीकृत गर्दै अनुमोदनका लागि गाउँसभामा पेश गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

निर्णय नं. ४:- स्थानिय सरकार सन्चालन ऐन, २०७४ को दफा ७१ को उपदफा १ मा राजस्व र व्ययको (बजेट) अनुमान असार १० गते पेश गर्नुपर्ने प्रावधान भएको र अर्थ मन्त्रालयको मिति २०७६।०३।०८,

प्रमुख प्रशासकीय अधिकृत

च.न. ७६० को पत्रानुसार असार १० गते पेश नभएमा बितिय हस्तान्तरणमा जटिलता हुने भनि लेखि आएको सन्दर्भमा तोकिएको समयमा गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ५:- गाउँकार्यापालिकाको कार्यालयका कतिपय सम्बन्धित शाखाहरू र वडा कार्यालयहरूमा हालसम्मको प्रगति बिवरण पेश नभएकाले बजेट तथा कार्यक्रम तर्जुमा कठिनाइ सृजना भएकाले यथाशिघ्र सो प्रगति बिबरण पेश गर्ने गराउने निर्णय गरियो ।

निर्णय नं. ६:- गाउँपालिकाको प्रत्येक वडा कार्यालयहरूका मौजुदा जिन्सी मालसामानहरूको तत्काल अभिलेख व्यवस्थापन गरि सो को जानकारी गाउँपालिकाको कार्यालयमा दिन वडा कार्यालयहरूलाइ निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ७:- गाउँकार्यापालिकाको बैठक, गाउँसभाको बैठक र अन्य बैठकहरू समय व्यवस्थापन गरि व्यवस्थित गर्नुपर्ने आवश्यक देखिएको हुँदा नियमानुसारका बैठकका एजेन्डाहरू सहित निम्नानुसारको बैठक सन्चालन समय तालिका अनुसार बैठक हुने साथै बैठक कक्षमा निर्धारित समयभित्र पोशाक तथा परिचयपत्र सहित अनिवार्य उपस्थित हुनुपर्ने निर्णय सर्बसम्मतले पारित गरियो ।

| क्र.स. | उपस्थित हुनैपर्ने पधाधिकारीहरू | समय सिमा | कैफियत |
|---|---|---|---|
| १ | बैठक सन्चालक | १०:५५ बिहान बजे बैठक कक्षमा प्रवेश गरिसक्नुपर्ने । | |
| २ | बैठकका उपाध्यक्ष, गाउँकार्यापालिका सदस्यहरू, गाउँसभाका सदस्यहरू | १०:५८ बजे बिहान बैठक कक्षमा अनिबार्य प्रवेश गरिसक्नुपर्ने । | |
| ३ | बैठकका अध्यक्ष | ११:०० बजे बिहान अध्यक्षताको आसन ग्रहन गरिसक्नुपर्ने । | |
| ४ | राष्ट्रिय गान | ११:०५ बजे बिहान राष्ट्रिय गान मार्फत आरम्भ गरिसक्नुपर्ने । | |
| ५ | बैठकका अध्यक्षले | ११:०७ गते बैठकका एजेण्डाहरू अध्यक्षमार्फत प्रस्तुत र छलफल । | |
| ६ | बैठक स्थगित | तोकिएको समयभित्र गणपुरक संख्या पुरा नभएमा अर्को समय तोकी ११:१० मा बैठक स्थगित हुने । | |
| ७ | प्रवेश निपेध | बैठक सन्चालन भइरहेको अवस्थामा कार्यालय सहयोगि र बैठक सहजकर्ता बाहेक ढिला उपस्थित हुने बैठकको सदस्य वा अन्य कसैलाइ प्रबेश निपेध गरिनेछ । | |

प्रमुख प्रशासकीय अधिकृत

नोट : अन्य बैठक सम्बन्धि कार्यबिधिहरू गाउँपालिकाको बैठक सन्चालन कार्यविधि, गाउँपालिकाको पदाधिकारी आचारसंहिता कार्यबिधि बमोजिम हुनेछ ।

**निर्णय नं. ८ :-** यस गाउँपालिकाको स्वीकृत बार्षिक बजेटको परिधिभित्र रही खरिद समितिको निर्णय, स्रोतको सुनिश्चिता, लागत अनुमान स्वीकृति र डिपिपिका आधारमा विधुतको टेण्डर आव्वाहन गर्ने निर्णय सर्वसम्मतले पारित गरियो ।

**निर्णय नं. ९ :-** गाउँपालिकाको कार्यालय भवन, स्वास्थ्य भवन र नामटार सिचाइ आयोजनाको डिपिआर कार्य सम्पन्न भएकाले खरिद समितिको निर्णय, स्वीकृत लागत अनुमान र खरिद सम्झौता गरि आगामि आ.ब. ०७६।०७७ को स्वीकृत बजेटमा दायित्व सारि भुक्तानी दिने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. १०:-** विविध विषयमा आवश्यक छलफल गर्दा देहाय अनुसार हुनेगरि निर्णय सर्वसम्मतिले पारित गरियो ।

तपशील

१. यस गाउँपालिकाको जग्गा खरिद बिक्रि गर्दा हाल लिइरहेको रजिष्ट्रेशन शुल्कमा १०% बृद्धि गर्ने गरि निर्णय गर्न मालपोत कार्यालय, हेटौंडा र पालुङलाइ पत्राचार गर्ने ।

२. बिधालय हस्तान्तरण तथा उदघाटन समारोह कमलादेबि मावि कैलाश-२ र तिलेश्वर आ.बि.कैलाश-४ लाइ अतिथि सत्कार कार्यक्रम बापतको रकम रू प्रति विधालय ५०,०००।-का दरले उपयुक्त शिर्षकबाट दुवै विधालयहरूलाइ उक्त बिधालयहरूका खातामा रकम निकाशा दिने ।

३. लागु औषध न्युनिकरण बिरूद्धको अभियानका लागि अन्तर्क्रियात्मक सचेतनामुलक कार्यक्रम गरेबापत जागरण मेडिया, मकवानपुरले आर्थिक सहयोग गरिपाउँ भनी आवश्यक कागजात सहित माग गरेकोमा सो मेडियालाइ चालु बिबिध खर्च शिर्षकबाट रू २०,०००।-( बिस हजार रूपैया मात्र) भुक्तानी दिने ।

४. गाउँकार्यापालिकाको कार्यालयका लागि आवश्यक किचन र्‍याक यस गाउँपालिकाका कार्यापालिका सदस्य श्री गोबिन्द बहादुर बि.क.ले खरिद गरेकाले आवश्यक जिन्सि व्यवस्थापन गरि सो बापतको रकम रू ५,५००।- निजलाइ कार्यालय सन्चालन खर्च शिर्षकबाट भुक्तानी दिने ।

५. यस गाउँपालिकाको आधारभुत बिधालयहरूको परीक्षाफल अनलाइन मार्फत प्रकाशन गर्दा लागेको रकम रू १६,९५०।- सम्बन्धित सफ्टवेयर कम्पनीलाइ कार्यालय सन्चालन खर्च शिर्षकबाट भुक्तानी दिने ।

६. यस गाउँपालिकाको कार्यालय र शैक्षिक संस्थाहरूको लागि आवश्यक रंगीन क्यालेण्डर प्रकाशनका लागि रू ८४,७५०।- रकम उपयुक्त चालु खर्च शिर्षकबाट नियमानुसार भुक्तानी दिने ।

७. कैलाश गापा वडा नं. २ निवासि साइली माया घलानको मिति २०७६।०२।०८ गते चटयाङबाट मृत्यु भएको हुँदा गाउँपालिकाको स्विकृत मापदण्ड अनुसार भुक्तानी दिने ।

८. गाउँपालिकाको पर्यटन प्रवर्धनको विज्ञापन बापत रंगिन पृष्ठमा तु खबर डटकम प्रा.लि., मकवानपुरले छापेकाले सो प्रा.लि.लाइ नियमानुसार रू १०,०००।- भुक्तानी दिने ।

९. गाउँपालिकाको घटना दर्ता सुचना साधारण पृष्ठमा प्रकाशन गरेकाले राइटवे सन्चार केन्द्र प्रा.लि., मकवानपुर र आइटि आइ मिडिया प्रा.लि. मकवानपुर लाइ रू ५,०००।- दरले दुवैलाइ नियमानुसार भुक्तानी दिने ।

१०. राजनितिमा तामाङ पुस्तकमा सुचना प्रकाशन गरेबापत कर्तब्य फाउण्डेशन, काठमाडौं र रोटेटरी क्लव, हेटौंडालाइ रू १०,०००।- का दरले दुबैलाइ उपयुक्त खर्च शिर्षकबाट नियमानुसार भुक्तानी दिने ।

११. यस गाउँपालिका पदाधिकारीहरूको नपुग पारिश्रमिक चालु तर्फको उपयुक्त शिर्षकबाट गाउँसभाबाट अनुमोदन गर्ने गरि रकम निकाशा गर्ने ।

१२. यस गाउँपालिकाका कतिपय योजना/ आयोजनाहरूको सम्झौता र लागत अनुमान अधिकार प्रत्यायोजन नगरि निमित्त प्रमुख प्रशासकिय अधिकृतबाट भएको हुँदा सो सम्झौता स्वीकृत गर्ने । साथै स्वीकृत नभएको लागत अनुमान र अधिकार प्रत्यायोजन नभइ निमित्त प्रमुख प्रशासकिय अधिकृतबाट स्वीकृत भएको लागत अनुमान स्विकृत गर्ने ।

१३. गाउँपालिकाको भवन तथा स्वास्थ्य भवन निर्माणको लागि जग्गा दातावाट प्राप्त जग्गाको नामसारी, कित्ताकाँट तथा लेखापढि खर्च र सो क्रममा गाउँपालिकावाट खटिएका कर्मचारी/पदाधिकारी/जग्गादाताको बसोवास खर्च बापत रू ५८,४००।-(अन्ठाउन्न हजार चार सय मात्र ।) उपयुक्त खर्च शिर्षकबाट भुक्तानी दिने ।

१४. कैलाश गाउँपालिका वडा नं. ९ निवासि राजकुमार उप्रेदीलाइ उपचार खर्च बापत भुक्तानी गरिएको रू १०,०००।- रकम अनुमोदन गर्ने ।

१५. कैलाश गाउँपालिकाको स्विकृत वार्षिक वजेट अनुसारको खरको छाना मुक्त कार्यकम गाउँपालिकाको जम्मा ६ वडाहरूको प्रति वडा जम्मा १० नवढ्ने गरि घरका लागि वडाहरूको छनौट र सिफारिसका आधारमा नियमानुसार खरिद गर्ने ।

१६. यस गाउँपालिकाको वडा नं. ६ को स्वीकृत वार्षिक वजेट तथा कार्यक्रम अन्तर्गत झाँक्रिपँधेरो माथिल्लो पकनी सडक मर्मतको लागत अनुमान स्वीकृत भइ मिति २०७६।१०।०६ सम्झौता समेत भएको तर मिति २०७६।०३।०३, (दर्ता नं. १३४४) गतेको प्राविधिक प्रतिवेदनमा लागत अनुमान तयार गर्दा जग्गा धनिले आफ्नो जग्गा कटान गर्न नदिएकोले लागत अनुमानमा उक्त स्थानमा ड्राइ स्टोन मशोनरी वाल प्रयोग गरिएको तर पछि जग्गा धनिले जग्गा कटानी गर्न सहमति दिएपछि ड्राइ स्टोन मेशोनरीको सट्टामा रोडको ब्याक कटिङ गर्नुपर्ने अवस्था देखिएकोले लागत अनुमान संशोधन गर्नुपर्ने भएकाले प्राप्त प्राविधिक प्रतिवेदनलाइ उपयुक्त ठहर गर्दै परिमार्जित लागत अनुमान तयार गरि सोही अनुसार कार्यालयबाट स्वीकृत गर्ने निर्णय सर्वसम्मतिले पारित गर्ने ।